# हल्दीबारी गाउँपालिका
हल्दीबारी, झापा, प्रदेश नं.१, नेपाल

## नदीजन्य पदार्थको विक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः-२०७९।०८।१२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(क) र यस हल्दीबारी गाउँपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार यस गाउँपालिकाको आइइ प्रतिवेदनमा उल्लेखित देउनिया खोलाको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी हल्दीबारी गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले तपसील बमोजिमका शर्तहरुका अधिनमा रहि नेपाल सरकारको E-Procurement Portal (www.bolpatra.gov.np/egp) मार्फत वा गाउँ कार्यपालिकाको कार्यलयमा शिलबन्दी बोलपत्र पेश गर्ने गरि यो बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (क्यु फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | HRM/GOODS/RIVERS/SQ/05-079/080 | देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | ३,०८,५०४ क्यू. फिट | १५४३४०२.३१ () | कबोल अंकको ५(पाँच) प्रतिशत | १०००।०० |

**शर्तहरुः-**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत सिटिजन्स वैङ्क ईन्टरनेशनल लि, हल्दीबारी रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६३०१००००००१२०२ मा नगद जम्मा गरेको नगद भौचर भरि मिति २०७९/०८/२७ गते मध्यान्न १२:०० बजे सम्म बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नु पर्ने छ ।तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित वैङ्क खाता नं. मा जम्मा गरी दाखिला भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको सिटिजन्स वैङ्क ईन्टरनेशनल लि मा रहेको धरौटी खाता नं. ०६३०१००००००१७२०१ जम्मा गरि सोको सक्कल वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य वैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरि ७५ दिनको म्याद सहित जारि गरिएको विड वण्ड बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ७ दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ताबापत २५ प्रतिशत र तेस्रो किस्ता बापत २५ प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नामबाट २०८० आषाढ मसान्तसम्म म्याद रहि जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ ।साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुटै बुझाउनु पर्नेछ ।

६. ठेक्का कबोल रकम एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ साथै ठेक्का सम्जौता भए पश्चात तोकिएको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री गर्न नसकेमा कुनै पनि छुट को व्यवस्था गरिने छैन ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ ,हल्दीबारी गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

(नोट: विस्तृत जानकारी website: www.haldibarimun.gov.np तथा www.bolpatra.gov.np मा समेत हेर्न सकिनेछ।।)

हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२ ख
### (दफा ४ को उपदफा (५) सँग सम्बन्धित)
### ठेक्का सम्झौता फाराम

लिखितम....... नाती...... छोरा...... जिल्ला...... गाउँपालिका वा गाउँपालिका वडा नं..... स्थानीय घर भई हाल .... नगरपालिका वा गाउँपालिका वडा नं..... मा बसोबास गर्दै आएको वर्ष ..... को ...ले तपसिल बमोजिमको क्षेत्रमा ... ठेक्का बन्दोबस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति .......................... को ठेक्का नं. .................................. को सूचना बमोजिम ढुङ्गा, गिटी र बालुवा उत्खनन्, सङ्कलन तथा बिक्री वितरणका लागि तपाई समेतले पेश गर्नु भएको बोलपत्र मूल्याङ्कन गर्दा आ.व.................. का लागि रु. .......................

अक्षरिप ................................ (मू.अ.कर बाहेक) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति ...................... मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिका क्षेत्रमा हल्दीबारी गाउँपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपशिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति .... मा यस कार्यालयलाई ..... प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु.....(मू.अ.कर बाहेक) बुझाई मिति... देखि मिति ... सम्म आ.व. ०७९/०८० को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कबुलियत लेखि यस कार्यालयमा बुझाएको छु ।

**तपसिल:**

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. ०७९/०८० का लागि .... प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु...... ।– (मू.अ.कर बाहेक) वा प्रथम किस्ता बापतको रु......(मू.अ.कर बाहेक) बुझाई .... गते देखि .... सम्मको लागि प्रचलित कानूनको अधिनमा रही ... आय संकलन गर्नेछु ।

२. उक्त आय सङ्कलन गर्नका लागि गाउँपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गर्ने गरी गाउँपालिका ... लाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता बापतको रकम बुझाएकोछु ।

३. सो आय सङ्कलन गर्न गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र हल्दीबारी गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ ।

हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झापा १ नं. प्रदेश नेपाल

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन र विक्री वितरण गर्ने शर्तहरुः

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खनन तथा विक्री वितरण गर्नुपर्नेछ ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रवाट विक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने व्यक्त वा फर्मले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लेखित परिमाणको आधारमा विक्री शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसावले नियमानुसार थप १३ प्रतिशतले हुने मू.अ.कर रकम समेत गरी एकमुष्ट वा तिन किस्तामा प्रथम किस्ता ५० प्रतिशत सम्झौताका बखत, दोस्रो किस्ता २५ प्रतिशत पुष १५ गते र तेस्रो किस्ता २५ प्रतिशत चैत्र मसान्त भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रदेश कानून, नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको अन्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अङ्ग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पर्दाथको उत्खनन, सङ्कलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइने छैन ।

६. विक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइने छैन ।

७. नेपाल सरकार वा हल्दीबारी गाउँपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन ।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. विक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरुको सहितको होर्डिङ्ग बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ ।

१०. ठेक्का सम्वन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

११. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा हल्दीबारी गाउँपालिकाले जुनसुकै वखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १०% का दरले व्याज समेत ठेकेदारवाट गाउँपालिकाले असुल गर्नेछ ।

१२. हल्दीवारी गाउँपालिकाले विक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामाग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१३. प्रचलित ऐन, बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएका संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१४. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा हल्दीबारी गाउँपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

सङ्कलन केन्द्र राख्ने स्थान

| क.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |

१५. आ.व. २०७९/०८० को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट विक्री दर ढुङ्गा , गिटि संकलन तथा विक्री शुल्क रु. ६.००, बालुवा संकलन तथा विक्री शुल्क रु. ४.७५, भरौट र वलौट संकलन तथा विक्री शुल्क रु. ३ मा मू.अ.कर बापत १३ प्रतिशत थप गरी बिक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाइनेछ ।साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१६. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिमाण गाउँपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

१७. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको बिक्री बापत गाउँपालिका लाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

१८। आइइइ प्रतिवेदन उल्लेख भए मध्ये अनुसार आ.व. २०७९।८० मा हल्दीबारी गाउँपालिका क्षेत्र भित्र बहने देउनिया खोला प्याकेज नं १ बाट उत्खनन् संकलन गर्न सकिने नदीजन्य सामाग्रीको विवरण सामाग्रीको कुल परिमाण, संरचना तथा न्युनतम अंक

| क स | बगर | दिगो संकलन योग्य परिमाण घ.मि | संरचना | १ नं. प्रदेश आर्थिक ऐन २०७९ अनुसारको दररेट प्रति क्यूव फिट | कैफियत |
|---|---|---|---|---|---|
| | | | | संकलन तथा बिक्रि शुल्क | |
| १ | राई टोल (वडा न २) | २२१६.७२१ | मिक्स ग्राभेल | ६ | |
| | | २२१६.७२१ | बालुवा | ४.७५ | |
| २ | कन्टारघुट्टु बगर (वडा न २) | ६३०२६.७६ | बालुवा | ४.७५ | |

हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झापा १ नं. प्रदेश, नेपाल

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | धोके गाउँ (वडा न २) | ९६६९.७०२ | मिक्स ग्राभेल | ६ | |
| | | ८७०२७.३ | बालुवा | ४.७५ | |
| ४ | तल्लो देउनिया वडा न ३ | ५०५२१.२८ | मिक्स ग्राभेल | ६ | |
| | | ९३८२५.२४ | बालुवा | ४.७५ | |

१९. सामान्य निर्माणमुखी नदिजन्य उत्खनन्, सङ्कलन तथा विक्री गर्दा राष्ट्रिय गोरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

२०. नदिबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव गर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन।

२१. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारालई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन ।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्वन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्दछ ।

२३. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्दछ । सो बापत लागेको खर्च गाउँपालिकामा दावी गर्न पाइने छैन ।

२४. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटालाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२५. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थानसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्वन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ ।

२७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि मिति २०८० जेष्ठ मसान्तसम्म विहान देखि बेलुकाको समय हल्दीबारी गाउँपालिकाले निर्धारण गरेबमोजिम मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ।

२८. साधारण निर्माणमुखी नदीज्नय तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३०. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थानमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाईने छैन ।

हल्दीबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नेलधल, झापा, १ नं. प्रदेश, नेपाल

३१. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा सलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वंयले उपलब्ध गराई सम्पुर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनु पर्नेछ ।

३२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागी विमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३३. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्नु पर्नेछ ।

३४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२ ग

(दफा (४) को उपदफा (५) सँग सम्बन्धित)

पट्टाको फारम

हल्दीबारी गाउँपालिकाबाट श्री...........को नाती........................को छोरा................जिल्ला.........गा.पा. वा न.पा. वडा नं.................. स्थायी घर भई हाल गा.पा वा न.पा वडा नं............ मा बसोवास गर्दै आएको वर्ष ............को.....................ले कानून बमोजिम हल्दीबारी गाउँपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल वमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी यस हल्दीवारी गाउँपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व ०७९/०८० को लागि रु............................... अक्षेरेपी .............................. मात्रमा (मू.अ.कर बाहेक) ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोवस्त गर्न मिति .......................... गते गाउँपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कुवुलियत गरिदुनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र हल्दीबारी गाउँपालिकालाई सम्पूर्ण किस्ताको रकम रु.......।– वा प्रथम किस्ता बापतको रकम रु............ बुझाई मिति...........देखि मित......... सम्म आ.व. ............ को लागि देहाय बमोजिमका स्रोतहरुबाट देहाय वमोजिमको दरमा विक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला । तपाईले गरी दिनुभएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी विक्रि मुल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस गाउँपालिका वा गाउँपालिकालाई हुन जाने नोक्सानीको सम्पुर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजु दावी लाग्ने छैन भनी आजै यस हल्दीवारी गाउँपालिकाबाट ठेक्क चलनको पूर्जी गरिदिईएको छ ।

तपशिल

१. सम्झौतमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र शर्तको अधिनमा रही आ.व.०७९/०८० को सम्पुर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु................।– बुझाई...................... साल ............गते देखि............ साल .............. सम्मलाई प्रचलित कानूनको अधिनमा रही हल्दीबारी गाउँपालिकाको आय सङ्कलन गर्ने ।

२. उक्त आय सङ्कलन गर्नका निमित्त हल्दीबारी गाउँपालिका क्षेत्र भित्र रहेका यसैसाथ संगलन सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा विक्री मूल्य वा शुलकको रुपमा आय सङ्कलन गर्नेछु ।

३. सो आय सङ्कलन गर्न हल्दीबारी गाउँपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर वमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिण बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ।

४. अन्य कुराहरु तपाई र यस गाउँपालिकाको कार्यालय वीच भएको संझौता बमोजिम हुनेछ ।

५. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न वमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जलथल झापा १ नं. प्रदेश, नेपाल

सुवास श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत

| क.सं | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा(क्यू.फि) | ढुङ्गा(क्य.फि) | ग्राभेल/गिट्टी(क्यू.फी.) | सङ्कलन गर्ने स्थान |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सुवास [illegible]
प्रमुख प्रशासकीय अधिकृत

...गाउँपालिका
...पालिकाको कार्यालय
...झापा
१ नं. प्रदेश, नेपाल

# अनुसूची-३

(दफा ४ को उपदफा(७) सँग सम्बन्धित)

**पटके प्रवेश आदेश**

ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने निर्माण नियन्त्रण तथा नदी प्रवेश आदेश

**नदी नामः**

नाका वा स्थानको नामः

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नः

**नदी प्रवेश आदेश विवरण**

१. ढुवानी गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन नं.

२. ढुवानी गरिने पदार्थको नामः सवारी दर्ता नः

३. ढुवानी गरी लैजाने साधनको नामः

४. निकाली लैजाने पदार्थको परीमाणः घन फुटः

५. ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने ।

क. निजी निर्माण

ख. सार्वजानिक निर्माण

ग. प्रशोधित पछि विक्री

घ. अन्य (प्रयोजन खुलाउने.....................)

ङ. नोटः यो आदेश नलिई ढूङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्न र संचय वा भण्डार गर्न निशेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

च. ठेकेदार वा प्रतिनिधिको नाम थरः

छ. प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहिः

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

कर, शुल्क ठेक्का वन्दोबस्त दररेट फारम

१. ठेक्काको नाम : देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री

२. भ्याट बाहेक न्यूनतम अंक रु १५४३४०२.३१ ( पन्द्र लाख त्रिचालिस हजार चार सय दुइ रुपैया एकतिस पैसा मात्र )

३. धरौटी रकम: कबोल अंकको ५ प्रतिशत ।

| ठे.न | विवरण | कबोल अंक | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अंकमा भ्याट बाहेक | अक्षरमा भ्याट बाहेक | भ्याट रकम | जम्मा | |
| HRM/GOODS/RIVERS/SQ/05 - 079/080 | देउनिया नदीको नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | | | | | |

**नोटः-** अंक र अक्षरमा मात्र लेखिएको रकमलाई भ्याट बाहेकको रकम मानिनेछ । मूल्याङ्कन VAT बाहेकको रकमबाट गरिने छ ।

**पेश गर्नेको**

दस्तखत :.........................................फर्मको छाप

फर्मको नाम :.......................................

प्रोपाईटरको नाम :..........................................

ठेगान :.......................................................

मोबाइल नं. :..................................................

हल्दीवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
१ नं. प्रदेश, नेपाल

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत